Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

च.न. :- २०८२।०८३।०६४

मिति : २०८२।०४।२७

श्री नेपाल स्टक एक्सचेन्ज लि,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय : कम्पनी प्राप्ती सम्बन्धिरा संचालक समितिको निर्णय सम्बन्धमा ।**

महोदय,

धितोपत्र सूचीकरण विनियमावली २०७५ को विनियम २२ (घ) बमोजिमको सुचना तहाँ गराउनुपर्ने व्यवस्था बमोजिम यस अपि पावर कम्पनी लिमिटेडले श्री दिव्य ज्योति हाइड्रोपावर प्राईभेट लिमिटेड कम्पनी तथा उक्त कम्पनीले प्रवर्द्धन गरिरहेको ५० मेगावाट क्षमताको मर्स्याङ्गदी बेसी जलविद्युत आयोजना प्राप्ती गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको निर्णय उत्तार यसै पत्र सहित तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदिय,

.....................
सुजन अधिकारी
कम्पनी सचिव

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal  +977-01-5111093
info@apipower.com.np, apipowercompany@gmail.com  www.apipower.com.np

Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

**निर्णय प्रतिलिपि उतार**

अपि पावर कम्पनी लिमिटेडको मिति २०८२ साल श्रावण २७ गते मङ्गलबार, उपरान्ह ३:३० बजे बसेको संचालक समितिको बैठक, आ.व. २०८२/८३, संख्या २ को निर्णय प्रतिलिपि उतार ।

**एजेण्डा नं. १. श्री दिव्य ज्योति हाइड्रोपावर प्राईभेट लिमिटेड कम्पनी तथा उक्त कम्पनीले प्रवर्द्धन गरिरहेको ५० मेगावाट क्षमताको मर्स्याङ्गदी बेसी जलविद्युत आयोजना प्राप्ती सम्बन्धमा :** दिव्य ज्योति हाइड्रोपावर प्राईभेट लिमिटेड (दर्ता नं. ५१८३६/०६४/०६५)द्वारा लमजुंङ्ग जिल्लामा प्रवर्द्धित ५० मेगावाट क्षमताको मर्स्याङ्गदी बेसी जलविद्युत आयोजनाको आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट बैठकमा छलफल गर्दा आयोजना निर्माण तथा संचालन गर्न मनासिब देखिएको हुँदा उक्त कम्पनी श्री दिव्य ज्योति हाइड्रोपावर प्राईभेट लिमिटेड कम्पनी प्राप्ती गर्ने निर्णय गरियो । उक्त कम्पनीमा विद्यमान शेयरधनीहरुको सम्पूर्ण शेयर अपि पावर कम्पनी लिमिटेडले खरिद गरी कम्पनी व्यवस्थापन पूर्ण रुपमा अपि पावर कम्पनी लिमिटेडको स्वामित्वमा रहनेगरी कम्पनी संचालन गर्ने निर्णय समेत गरियो ।

साथै अपि पावर कम्पनी लिमिटेडले उक्त दिव्य ज्योति हाइड्रोपावर प्राईभेट लिमिटेड प्राप्ती गर्नको लागि पूर्णअधिकार सहित कम्पनीका कार्यकारी संचालक श्री संजिव न्यौपानेलाई पक्षहरु बिच गर्ने करारनामाको मस्यौदा तथा शर्तहरु निर्धारण गर्ने तथा करारनामामा हस्ताक्षर गर्ने अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय प्रतिलिपि उतार प्रमाणित गर्नेको

हस्ताक्षर :

नाम : सुजन अधिकारी

पद : कम्पनी सचिव

मिति : २०८२/०४/२७